आज मिति २०७७ साल भाद्र १७ गते बुधवारका दिन यस पाँचखाल नगरपालिकाका नगर प्रमुख महेश खरेल ज्यूको संयोजकत्वमा कोभिड-१९ बाट सिर्जित विषम परिस्थितिमा पर्नसक्ने असर र सोका लागि अख्तियार गर्नुपर्ने रणनीति उपर छलफलका लागि सूचना प्रविधिको उपयोगमार्फत विभिन्न चरणमा जनप्रतिनिधिहरु एवं नगरस्तरीय कोभिड १९ निर्देशक समिति एवं सरोकारवालहरुसँग भर्चुअल विधिबाट छलफल भयो । उक्त छलफलमा देहाएका पदाधिकारीहरूको सहभागिता रह्यो ।

१. श्री महेश खरेल- नगर प्रमुख
२. श्री लक्ष्मी दनुवार- उपप्रमुख
३. श्री लोक बहादुर भण्डारी- प्रमुख प्रशासकीय अधिकृत
४. श्री महेश केसी सशस्त्र प्रहरी गण १५ नं बाहिनी प्रमुख - एसपी
५. श्री राजेश अधिकारी- नेपाल प्रहरी पाँचखालका ईन्चार्ज -इन्स्पेक्टर
६. श्री संजय तामाङ प्रवक्ता, पाँचखाल नगरपालिका एवं वडाध्यक्ष वडा नं ८
७. श्री अष्टमान तामाङ- वडाध्यक्ष वडा नं १
८. श्री हरिराम खतिवडा वडाध्यक्ष वडा नम्बर २
९. श्री सुन्दर अधिकारी वडाध्यक्ष वडा नं ३
१०. श्री सुन्दर तामाङ वडाध्यक्ष वडा नं ४
११. श्री बालकृष्ण सापकोटा वडाध्यक्ष वडा नं ५
१२. श्री रामशरण दुलाल वडाध्यक्ष वडा नं ६
१३. श्री पुष्कर ढकाल वडाध्यक्ष वडा नं ७
१४. श्री किरण श्रेष्ठ वडाध्यक्ष वडा नं ९
१५. श्री नारायण प्र.सापकोटा वडाध्यक्ष वडा नं १०
१६. श्री शिवशरण लामा वडाध्यक्ष वडा नं ११
१७. श्री गोपाल दनुवार वडाध्यक्ष वडा नं १२
१८. श्री शुकुविर तामाङ वडाध्यक्ष वडा नं १३
१९. श्री रामजी रायमाजी लेखा अधिकृत
२०. श्री राजेश बञ्जारा- शाखा अधिकृत
२१. श्री उज्जवल अधिकारी- पाँचखाल नगर स्वास्थ्य संयोजक
२२. श्री कपिलदेव भट्ट- प्राविधिक शाखा प्रमुख- ईन्जिनियर
२३. श्री कल्याण प्रसाद सुबेदी- अधिकृतस्तर छैठौं
२४. श्री दिनेश चौहान- सूचना प्रविधि अधिकृत

निर्णय प्रमाणित

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

२०७७/५/१७

प्रमुख प्रशासकीय अधिकृत

उल्लेखित उपस्थितिमा देहायअनुसारका निर्णयहरु गरियो ।

१. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले यस नगरपालिका क्षेत्र समेत प्रभावित हुनसक्ने वर्तमान अवस्थामा जिल्ला विपत् व्यवस्थापन समितिको निर्णय समेतलाई आधार मान्दै यसको संक्रमण फैलिन नदिई नागरिकको स्वास्थ्य सुरक्षाका लागि साबधानी र सतर्कताका उपायसहित विभिन्न क्षेत्रमा विभिन्न कृयाकलाप एवं व्यवसाय समयतालिका अनुसार मात्र सञ्चालन गर्न यसअघि मिति २०७७।०५।१२ गतेको निर्णय बमोझिम अनुरोध गरिएकोमा निर्णय कार्यान्वयनमा सहयोग गर्ने सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, संघ, संस्था, क्लब, टोल सुधार समिति, बैंक, वित्तीय संस्था, सहकारी, ध्यान/योगा केन्द्र, धार्मिक/सांस्कृतिक केन्द्र, पेशाकर्मी, वुद्धिजीवि, समाजसेवी, कृषक एवं पशुपालक लगायत सम्पूर्ण नगरवासीमा धन्यवाद दिँदै अर्को सुचना नभएसम्मका लागि यसअघिका सम्पूर्ण निर्णयलाई अझै प्रभावकारी रुपमा कार्यान्वयन गर्ने आह्वान गर्ने निर्णय गरियो।

२. कोरोना रोकथाम एवं नियन्त्रण र प्रतिकार्यका लागि यस अघिका समेत सबै निर्णयहरूको कार्यान्वयनको थप प्रभावकारिताका लागि स्थानीय जनप्रतिनिधि एवं सुरक्षा निकायबाट सघन अनुगमनलाई निरन्तरता दिने निर्णय गरियो ।

३. नगरपालिका कार्यालय र वडा कार्यालयले प्रवाह गर्ने सेवाको हकमा मिति २०७७ साल भाद्र १७ गतेसम्म अत्यावश्यक सेवाको बाहेकका अन्य सेवाहरु बन्द गर्ने यसअघि निर्णय भएकोमा मिति २०७७ साल भाद्र २४ गते बुधवार सम्मको लागि सोही निर्णयलाई कार्यान्वयन गर्ने निर्णय गरियो, । उक्त अवधिमा नगरपालिका एवं वडा कार्यालयमा न्युनतम कर्मचारी परिचालनको यसअघिको तालिकालाई निरन्तरता दिने निर्णय गरियो ।

४. सेवा अवरुद्द हुँदा पर्न जाने असुविधा प्रति नगरपालिका कार्यालय सम्पूर्ण नगरबासीमा क्षमा माग्दै कोरोना रोकथाम एवं नियन्त्रण कार्यमा सहयोगका लागि सम्पूर्ण नगरवासीमा पुनः आव्हान गर्ने निर्णय गरियो । निर्णय प्रमाणित,

२०७७/५/१८

प्रमुख प्रशासकीय अधिकृत

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल